नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

☎ ०३५-४२०१३३, ०३५-४२०१३२, ०३५-४२०१३१, ०३५-४२०७८७

प्रदेश नं.१, नेपाल

पत्र संख्याः-
चलानी नम्बरः-

## उदयपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको आदेश
## आदेश जारी मितिः २०७८-०३-१४

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ प्रकारको कोभिड-१९ को संक्रमणको प्रभावकारी नियन्त्रण र रोकथामका लागि यस पूर्व मिति २०७८/०३/१४ गते राती १२:०० बजेसम्मका लागि जारी गरिएको आदेशलाई हालको कोभिड संकरमण दर र अवस्था एवं आर्थिक वर्षको अन्त्यको समय समेतलाई मध्यनजर गरी निषेधाज्ञालाई परिमार्जन सहित निरन्तरता दिने भनी जिल्ला कोभिड व्यवस्थापन समिति उदयपुरको मिति २०७८/०३/१४ गतेको निर्णय समेतका आधारमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफ ६(३) ले दिएको अधिकारको प्रयोग गरी उदयपुर जिल्लाभर **मिति २०७८/०३/१४ गते राती १२:०० बजेदेखि मिति २०७८/०३/२१ गते राती १२:०० बजेसम्म लागू हुने गरी साविक बमोजिमको निषेध आदेशलाई देहाय बमोजिम निरन्तरता दिइएको छ ।** यो आदेशको पालना गर्नु गराउनु सम्बद्ध सबैको कर्तव्य हुनेछ । कोही कसैले यो आदेशको बर्खिलाप हुने गरी काम कारवाही गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ ।

देहाय

<u>निषेधित कार्यहरु (गर्न नहुने कार्यहरु)</u>

१. सार्वजनिक खेलकुद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर र हाटबजार तथा भीडभाड हुने कार्यक्रमको आयोजना तथा सञ्चालन गर्न नपाइने,

२. विवाह, व्रतबन्ध, पास्नी, जन्मोत्सव, मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुन, सामूहिक रुपमा आश्रय लिइ बस्न तथा सामूहिक भेला हुने खालका कुनै किसिमका कार्यक्रम गर्न नपाइने,

३. कुनै पनि प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, मानिसहरु भेला हुन, जुलुश वा प्रदर्शन जस्ता कार्य गर्न गराउन नपाइने,

४. स्वीमिङ्ग पुल तथा जिमखाना, सिनेमा हल, फिटनेस सेन्टर, सामूहिक खेलकुद, पार्टी प्यालेस, सैलुन तथा ब्युटिपार्लरहरु सञ्चालन गर्न नपाइने,

५. विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र लगायतका संस्थामा विद्यार्थी/शिक्षक भौतिक रुपमा भेला भई/गराई सिकाइ गतिविधि संचालन गर्न नपाइने ।

६. यात्रुवाहक सवै प्रकारका सार्वजनिक सवारी साधनहरु संचालन गर्न नपाइने ।

तुलसी राम सेढाई
प्रमुख जिल्ला अधिकारी

इमेल : cdoudayapur@gmail.com वेबसाइट : http://daoudayapur.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

०३५-४२०१३३
०३५-४२०१३२
०३५-४२०१३१
०३५-४२०७८७
प्रदेश नं.१, नेपाल

पत्र संख्या:-
चलानी नम्बर:-

खुला गरिएको विषयहरु:

१. निजी सवारी साधन तथा ढुवानीका सवारी साधनहरु जिल्लाभित्र संचालन गर्न खुला गरिएको ।

२. हाटबजार, मेला, सैलुन तथा ब्युटीपार्लर बाहेक सबै प्रकारका बजार पसलहरु बिहान ६:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म संचालन गर्न खुला गरिएको ।

३. जिल्लास्थित सबै सरकारी कार्यालय, संस्थान, बैंक तथा वित्तीय संस्थाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी सबै प्रकारको सेवा प्रदान गर्ने गरी संचालन गर्न खुला गरिएको ।

अन्य विषय

१. सबै स्थानीय तहहरुलाई आफ्नो क्षेत्रभित्रका गाउँ टोलमा आवश्यकता अनुसार टोली परिचालन गरी एन्टीजेन परीक्षणको दायरा बढाउन अनुरोध गर्ने ।

२. कोभिड-१९ को संक्रमण फैलिएको कारण आफ्नो पालिकामा जोखिम भएको महसुस भएमा सम्बन्धित स्थानीय तहले आफ्नो पालिका भरी वा निश्चित क्षेत्र तोकी आवत जावत, यातायात सञ्चालन तथा पसल व्यवसाय सञ्चालनमा नियन्त्रण गर्न DCMC सँगको समन्वयमा उपयुक्त उपाय अवलम्बन गर्न सक्नेछ ।

३. सबै सार्वजनिक निकायहरुले सेवा प्रवाहलाई सूचारु गर्दा जनस्वास्थ्यका मापदण्ड अनुसार अनिवार्य रुपमा मास्क, सेनिटाइजर तथा भौतिक दूरी कायम गर्ने व्यवस्था मिलाउने । निजी व्यवसायीहरुले समेत आफ्नो व्यापारिक स्थलमा उल्लेखित जनस्वास्थ्यका मापदण्डहरुको पूर्ण कार्यान्वयन गर्ने । घर बाहिर निक्लने सबै नागरिकहरुले मास्क अनिवार्य रुपमा लगाउने ।

४. कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम माथिको निषेधाज्ञाको आदेश उल्लंघन गर्ने व्यक्तिलाई रु. १,००,०००/- (एक लाख) सम्म र संस्थाको हकमा रु. ५,००,०००/- (पाँच लाख) सम्म जरिवाना गरिने समेत जानकारीका लागि अनुरोध छ । साथै सुरक्षाकर्मीले तत्काले गर्न सक्ने जरिवाना निम्नानुसार हुने समेत सूचित गरिन्छ ।

क. मास्क नलगाई हिंडडुल गर्नेलाई पटकैपिच्छे रु. १००/-

ख. अत्यावश्यक नभई सार्वजनिक यात्रुवाहक सवारी साधन सञ्चालन गरेमा पटकैपिच्छे रु. ५,०००/-

५. यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुले अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टिन र होम आइसोलेसनमा बस्नु पर्ने । माथि उल्लेखित आदेशका साथै नेपाल सरकार मन्त्रिपरिषद्‌बाट कोभिड-१९ को नियन्त्रण सम्बन्धी कुनै आदेश जारी भएमा सोही बमोजिम हुनेछ ।

०७८/३/१४
तुलसी राम सेढाई
प्रमुख जिल्ला अधिकारी

इमेल : cdoudayapur@gmail.com वेबसाइट : http://daoudayapur.moha.gov.np